## कार्यपालिका बैठक संख्या- १८

मिति:- २०८३।०३।०५

### निर्णयहरु

**निर्णय नं. १-** मिति २०८३।०३।०४ गतेको १७औं बैठकबाट भएका निर्णय तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समिक्षा गरियो।

**निर्णय नं. २-** यस गाउँपालिकाबाट चालु आ.व. २०८२-०८३ का लागि स्वीकृत तपसिल बमोजिमका योजना/कार्यक्रमहरुलाई आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी देहायानुसार संशोधन/रकमान्तर गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिल:-**

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | संशोधन/ रकमान्तर हुने योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | मौरी विकास कार्यक्रम (क्र.सं. २३६) | रु. १ लाख | स्थानीय आलु बिउ संरक्षण कार्यक्रम (क्र.सं. २३८) | रु. १ लाख | |
| २ | हरियो मल ढैँचाको बिउ वितरण ५०% अनुदानमा (क्र.सं. २३३) | रु. ३ लाख | स्थानीय आलु बिउ संरक्षण कार्यक्रम (क्र.सं. २३८) | रु. १ लाख ७५ हजार | |

**निर्णय नं. ३-** गाउँपालिकामा उत्पादन हुने रैथाने बाली बीउ भण्डारण तथा संरक्षणलाई व्यवस्थित गर्न कृषि विकास शाखाबाट पेश भएको **विजयनगर गाउँपालिकामा उत्पादित रैथाने बालीको शीत भण्डारण कार्यविधि, २०८३** स्वीकृत गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ४- निर्णय नं. ५-** मिति २०८३।०२।०४ गतेको ६२औं गाउँ शिक्षा समितिको बैठकबाट पारित भई पेश हुन आएका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**क.** गाउँपालिकाको गाउँ शिक्षा योजना कार्यान्वयनका लागि सेचेन करुणाको प्राविधिक सहयोगमा तयार गरिएको **एकीकृत प्रारम्भिक बालविकासका लागि विजयनगर गाउँपालिकाको रणनीतिक योजना (२०८२-२०८६)** लाई स्वीकृत गर्ने।

**ख.** यस गाउँपालिका अन्तर्गत आधारभूत तहका कक्षा (१-८)मा पठनपाठन हुँदै आएको स्थानीय पाठ्यक्रम **हाम्रो विजयनगर**को सेचन करुणाको प्राविधिक सहयोगमा समय सापेक्ष अद्यावधिक गरि पेश भए बमोजिम स्वीकृत गरी कार्यान्वयनमा लैजाने।

**निर्णय नं. ५-** मिति २०८३।०३।०४ को १७औं कार्यपालिका बैठकको निर्णय नं. ४ को क्र.सं. २ बाट पत्थरदेइया नहर सफाई प्रयोजनका लागि **मागमा आधारित साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान** शिर्षकबाट खर्च लेख्ने गरी विनियोजित रु. १,००,०००।– (अक्षेरपि एकलाख मात्र) बाट **वडा नं. ३, पत्थरदेइया सुरही पुलदेखी पर्सहवाडिहवाको पश्चिम हुँदै औरहवा हुलाकी सडक जोड्ने बाटोमा माटो पटान** गर्ने गरी उक्त कार्यपालिका बैठकको निर्णय संशोधन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निर्णय नं. ७-** निम्न संस्था /समिति/ योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिल:-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | कपिलवस्तु जिल्ला अदालत | तौलिहवा, कपिलवस्तु | अदालतको ४ वटा इजलास र मेलमिलाप कक्षमा कार्पेट र पर्दाहरु खरिद तथा जडान | लागत अनुमान बमोजिम (जिन्सी शाखाबाट खरिद तथा जडान हुनेगरी) | मागमा आधारित सहयोग साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान |
| २ | शिवराज नगरपालिका | चन्द्रौटा, कपिलवस्तु | वारुणयन्त्र (दमकल)को लागि इन्धन सहयोग | स्वीकृत लगबुक बमोजिम (२२० लिटर) | दमकल संचालन सहयोग अनुदान |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. १८ को निर्णय प्रमाणित गर्दछु

२०८३।०३।०५

प्रमुख प्रशासकीय अधिकृत

विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कपिलवस्तु

बहादुर थापा मगर अध्यक्ष विजयनगर गाउँपालिका